# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०६५।६६ को पहिलो तीनमहिनासम्मको तथ्याङ्कमा आधारित)*

## मौद्रिक स्थिति

### मुद्राप्रदाय

१. आर्थिक वर्ष २०६५/६६ को पहिलो तीन महिनासम्ममा विस्तृत मुद्राप्रदाय ५.० प्रतिशतले बढेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय ५.५ प्रतिशतले बढेको थियो। मौद्रिक क्षेत्रको खुद बैदेशिक सम्पत्ति अघिल्लो वर्षको तुलनामा उच्च दरले बढेपनि नेपाल सरकारमाथिको दावी अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा घट्नुको अतिरिक्त गैर-मौद्रिक दायित्व बढेकोले विस्तृत मुद्राप्रदाय कम दरले बढेको हो।

२. संकुचित मुद्राप्रदाय भने अघिल्लो वर्ष ३.८ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ०.४ प्रतिशतले घटेको छ। समीक्षा अवधिमा नगद प्रवाहमा आधारित सरकारी खर्चमा संकुचन आएकोले चलनचल्तीमा रहेको मुद्रा कम दरले बढेको र माग निक्षेप घटेको कारण संकुचित मुद्राप्रदाय घटेको हो। तर, आवधिक निक्षेप अघिल्लो वर्ष ६.३ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ७.५ प्रतिशतले बढेको छ।

३. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा नोक्सान समायोजित) ४.५ प्रतिशत (रू ७ अर्ब ७० करोड) ले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा खुद वैदेशिक सम्पत्ति ४.२ प्रतिशत (रू ५ अर्ब ५७ करोड) ले घटेको थियो। समीक्षा अवधिमा विप्रेषण आप्रवाह अत्यधिक बढ्नुको अतिरिक्त वैदेशिक सहयोग आप्रवाहको वृद्धिदर पनि उच्च रहेकोले खुद वैदेशिक सम्पत्ति बढेको हो।

४. समीक्षा अवधिमा विदेशी विनिमय नाफा/नोक्सान समायोजित खुद गैर-मौद्रिक दायित्व ११.२ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष उक्त दायित्व २.६ प्रतिशतले घटेको थियो। आर्थिक वर्ष २०६३/६४ को तुलनामा आर्थिक वर्ष २०६४/६५ मा वाणिज्य बैंकहरूको नाफा उच्च रहेकोले पूँजी तथा साधारण जगेडा कोष बढेकोले उक्त दायित्वको विस्तार उच्च रहन गएको हो।

### कुल आन्तरिक कर्जा

५. आर्थिक वर्ष २०६५/६६ को पहिलो तीन महिनासम्ममा आन्तरिक कर्जा ६.८ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष सो कर्जा ६.९ प्रतिशतले बढेको थियो। नेपाल सरकारमाथिको दावी अघिल्लो वर्ष ८.९ प्रतिशतले बढेको तुलनामा समीक्षा अवधिमा १.० प्रतिशतले घटेकोले आन्तरिक कर्जा कम दरले बढेको हो।

६. निजी क्षेत्रतर्फको कर्जा प्रवाहको वृद्धि अघिल्लो वर्ष ६.८ प्रतिशत रहेकोमा समीक्षा अवधिमा ८.६ प्रतिशत रहेको छ। त्यस्तै, सरकारी वित्तीय संस्थाहरूमाथिको दावी घटेता पनि गैर सरकारी वित्तीय संस्थाहरूमाथिको दावी

अघिल्लो वर्ष १४.४ प्रतिशत (२७ करोड) ले बढेकोमा समीक्षा अवधिमा ३७.९ प्रतिशत (रू १ अर्ब १५ करोड) ले बढेको छ । तर, सरकारी वित्तीय संस्थाहरूमाथिको दावी भने समीक्षा अवधिमा ६.७ प्रतिशतले घटेको छ । वाणिज्य बैंकहरूले वित्त कम्पनी तथा अन्य वित्तीय संस्थाहरूमा अल्पकालीन लगानी बढाएकाले गैर-सरकारी वित्तीय संस्थाहरूमाथिको दावी बढ्न गएको हो ।

७. समीक्षा अवधिमा गैर-वित्तीय सरकारी संस्थाहरूमाथिको दावी ६.२ प्रतिशत अर्थात् रू ३४ करोड ९५ लाखले बढेको छ । अघिल्लो वर्ष उक्त दावी १७.३ प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा जनकपुर चुरोट कारखाना लिमिटेड, नेपाल आयल निगम, नेपाल वायु सेवा निगम, जनक शिक्षा सामग्री केन्द्र लिमिटेड र नेपाल विद्युत प्राधिकरणले बैंकिङ्ग क्षेत्रबाट थप कर्जा उपयोग गरेकोले उक्त संस्थाहरूमाथिको दावी समीक्षा अवधिमा बढेको हो ।

**वाणिज्य बैंकहरूको बचत परिचालन तथा कर्जा प्रवाहको स्थिति**

८. आर्थिक वर्ष २०६५/६६ को पहिलो तीन महिनासम्ममा वाणिज्य बैंकहरूको कुल बचत परिचालन रू २५ अर्ब १८ करोड (६.० प्रतिशत) ले बढी असोज मसान्तमा रू ४४६ अर्ब ७० करोड पुगेको छ । अघिल्लो वर्ष वाणिज्य बैंकहरूको कुल निक्षेप परिचालन १३ अर्ब ८६ करोडले (४.१ प्रतिशत) बढेको थियो । समीक्षा अवधिमा बचत निक्षेप ७.३ प्रतिशत र मुद्दती निक्षेप ८.३ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष ती निक्षेपहरूको विस्तार क्रमशः ५.३ प्रतिशत र ५.९ प्रतिशत रहेको थियो ।

९. समीक्षा अवधिमा वाणिज्य बैंकहरूबाट निजी क्षेत्रतर्फको कर्जा प्रवाह रू २९ अर्ब ८३ करोड (८.९ प्रतिशत) ले बढेको छ । अघिल्लो वर्ष निजी क्षेत्रतर्फको कर्जा १८ अर्ब ८४ करोड (७.१ प्रतिशत) ले बढेको थियो । निजी क्षेत्रतर्फ प्रवाहित कर्जामा उत्पादनतर्फको फलाम तथा स्टिलजन्य उद्योग, परिवहन साधन उपकरण, थोक तथा खुद्रा व्यापार, घरजग्गा करोवार, सेवा क्षेत्र र उपभोगतर्फको कर्जा उच्च रहेको छ । अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा निर्माण क्षेत्रतर्फको कर्जा प्रवाहको वृद्धिदरमा कमी आएको छ । निक्षेप परिचालनको तुलनामा कर्जा प्रवाहको विस्तार उच्च रहेकोले समीक्षा अवधिमा कर्जा-निक्षेप अनुपात २०६५ असार मसान्तको ८२.६ प्रतिशतबाट बढी असोज मसान्तमा ८५.१ प्रतिशत पुगेको छ ।

१०. वाणिज्य बैंकहरूको तरल कोष अघिल्लो वर्ष १.६ प्रतिशतले बढेको तुलनामा समीक्षा अवधिमा १७.९ प्रतिशतले बढेको छ । तरल कोषका अंशहरूमध्ये नेपाल राष्ट्र बैंकसँग रहेको मौज्दात ३८.१ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष सो मौज्दात १०.७ प्रतिशतले घटेको थियो । त्यस्तैगरी, वाणिज्य बैंकहरूको विदेशमा रहेको मौज्दात ६.० प्रतिशतले बढी असोज मसान्तमा रू ४३ अर्ब ५७ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त मौज्दात २.८ प्रतिशतले बढी ४१ अर्ब १० करोड पुगेको थियो ।

**तरलता व्यवस्थापन**

११. समीक्षा वर्षको पहिलो तीन महिनासम्मा खुला बजार कारोवारमार्फत् रू ९ अर्ब २ करोड बराबरको खुद तरलता प्रशोचन भएको छ । तरलता प्रशोचनमध्ये रू ३ अर्ब ५० करोड बराबरको तरलता सोझै विक्री बोलकबोल र रू ५ अर्ब ५२ करोड बराबरको तरलता रिभर्स रिपो बोलकबोलमार्फत प्रशोचन भएको छ । अघिल्लो वर्षको यसै अवधिमा कुल रू ५ अर्ब ५७ करोड बराबरको खुद तरलता प्रशोचन भएको थियो । अघिल्लो वर्ष झैं समीक्षा अवधिमा पनि खुला बजार कारोवारका उपकरणहरूमार्फत् तरलता प्रवाह भने भएको छैन ।

१२. समीक्षा अवधिमा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार हस्तक्षेपमार्फत वाणिज्य बैंकहरूबाट अमेरिकी डलर ४२ करोड १ लाख खुद खरीद गरी रू ३० अर्ब ६५ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको यसै अवधिमा नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकहरूबाट अमेरिकी डलर २१ करोड ७४ लाख खुद खरीद गरी रू १४ अर्ब ३ करोड बराबरको खुद तरलता प्रवाह गरेको थियो । समीक्षा अवधिमा विप्रेषण आप्रवाह उच्च दरले बढेकोले विदेशी विनिमय वजारमा खरीद हस्तक्षेप अघिल्लो वर्षको तुलनामा बढेको हो ।

१३. समीक्षा अवधिमा अमेरिकी डलर २७ करोड बिक्री गरी भा.रू ११ अर्ब ८७ करोड खरीद भएको छ । अघिल्लो वर्षको यसै अवधिमा अमेरिकी डलर ३२ करोड बिक्री गरी भा.रू. १२ अर्ब ८६ करोड खरीद भएको थियो । अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा भारतसँगको व्यापारघाटा बढेतापनि समीक्षा अवधिमा भारतीय मुद्रा अमेरिकी डलरसँग अवमूल्यन भएकोले भा.रू खरीद गर्न अमेरीकी डलर कम बिक्री गर्नु परेको हो ।

**स्थायी तरलता सुविधा र अन्तर बैंक कारोवार**

१४. आर्थिक वर्ष २०६५/६६ को पहिलो तीन महिनासम्ममा वाणिज्य बैंकहरूले स्थायी तरलता सुविधा अन्तर्गत कुल रू ३२ अर्ब उपयोग गरेका छन् । अघिल्लो वर्षको यसै अवधिमा वाणिज्य बैंकहरूले कुल रू १३ अर्ब ७५ करोड बराबरको यस्तो सुविधा उपयोग गरेका थिए । त्यस्तै, समीक्षा अवधिमा वाणिज्य बैंकहरूबीचको अन्तर बैंक कारोवार कुल रू ६८ अर्ब २६ करोड रहेको छ । अघिल्लो वर्षको यसै अवधिमा कुल रू १०१ अर्ब ८७ करोड बराबरको अन्तर बैंक कारोवार भएको थियो ।

**अल्पकालीन व्याजदर**

१५. आर्थिक वर्ष २०६५/६६ को तीन महिनामा ९१ दिने ट्रेजरी विल्सको मासिक भारित औसत व्याजदर ६.०८ प्रतिशत रह्यो । अघिल्लो वर्षको यसै अवधिमा सो ऋणपत्रको मासिक भारीत औसत व्याजदर २.३५ प्रतिशत रहेको थियो । अघिल्लो वर्ष भारित औसत मासिक अन्तर बैंक व्याजदर ३.३५ प्रतिशत रहेकोमा समीक्षा अवधिमा ५.१६ प्रतिशत पुगेको छ । अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा दोस्रो बजारबाट बढी तरलता प्रशोचन गरिएकोले त्यसको प्रभाव अल्पकालीन बजार व्याजदरमा देखिएको हो । समीक्षा अवधिमा बचत निक्षेपको अधिकतम व्याजदर पनि ०.२५ प्रतिशत विन्दुले बढी ६.७५ प्रतिशत पुगेको छ ।

**धितोपत्र बजार**

१६. वार्षिक विन्दुगत आधारमा नेप्से सूचकाङ्क ८.४ प्रतिशतले बढेर २०६५ असोज मसान्तमा ९३३.९७ विन्दुमा पुगेको छ । यो सूचकाङ्क २०६४ असोज मसान्तमा ८६१.३७ थियो । २०६३ असार मसान्तलाई आधार मानी गणना गरिएको नेप्से सेन्सिटिभ सूचकाङ्क २०६५ असोज मसान्तमा २५६.०१ रहेको छ । यो सूचकाङ्क २०६४ असोज मसान्तमा २२५.८२ रहेको थियो ।

१७. नेपाल स्टक एक्सचेन्ज लिमिटेडले २०६५ भदौ ८ गतेको अन्तिम कारोवारलाई वजार मूल्यको आधारको रुपमा लिई गणना गरिएको NEPSE Float Index २०६५ असोज मसान्तमा ९१.८२ रहेको छ ।

१८. २०६५ असोज मसान्तमा बजार पूँजीकरण वार्षिक विन्दुगत आधारमा ८३.९ प्रतिशतले वृद्धि भई रु.४८७ अर्ब ८५ करोड पुगेको छ । परिणामस्वरुप २०६५ असोज मसान्तमा बजार पूँजीकरणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ५१.६ प्रतिशत पुगेको छ । २०६४ असोजमसान्तमा यस्तो अनुपात ३२.३ प्रतिशत रहेको थियो । सूचीकृत कम्पनीहरुको वजार पूँजीकरणमा विगतमा झैं बैंक तथा वित्तीय संस्थाहरुले सबैभन्दा ठूलो हिस्सा ओगटेका छन् । जसअनुसार बजार पूंजीकरणमा बैंक तथा वित्तीय संस्थाहरुको ७१.४ प्रतिशत, उत्पादन तथा प्रशोधन क्षेत्रको १.६ प्रतिशत, होटलहरुको १ प्रतिशत, व्यापारिक संस्थाहरुको ०.३ प्रतिशत, जलविद्युतको ४.६ प्रतिशत र अन्यको २१.३ प्रतिशत अंश रहेको छ ।

१९. सूचीकृत कम्पनीहरुको चुक्ता पूँजीको वार्षिक वृद्धि १०३ प्रतिशत रही २०६५ असोज मसान्तमा रु.४६ अर्ब १ करोड पुगेको छ । नेपाल स्टक एक्सचेन्ज लि. मा थप धितोपत्रहरु सूचीकृत भएका कारण चुक्ता पूजीमा वृद्धि भएको हो । यस आर्थिक वर्षको असोजमसान्तसम्ममा रु. १० करोड ४२ लाख बोनस शेयर, रु. १ अर्व ६० करोड ९३ लाख हकप्रद शेयर, रु. १५ अर्व ४८ करोड साधारण शेयर र रु. २ अर्व ६५ करोड बराबरको ऋणपत्र (Bond) गरी जम्मा रु. १९ अर्व ८४ करोड ३५ लाख बराबरको धितोपत्र रकम सुचीकृत भएको छ । उक्त बृद्धि रकम मध्ये सबभन्दा ठुलो हिस्सा साधारण शेयरको ७८.० प्रतिशत रहेको छ । नेपाल टेलिकमको रु. १५ अर्ब बराबरको शेयर सुचीकृत भएको कारण साधारण शेयरको अंशमा वृद्धि देखिएको हो ।

२०. २०६५ असोज मसान्तमा मासिक कारोवारको वजार पूँजीकरणसँगको अनुपात (Turnover Ratio) ०.४० प्रतिशत रहेको छ । यस्तो अनुपात २०६४ असोजमसान्तमा ०.७६ प्रतिशत थियो ।

२१. २०६५ असोज मसान्तमा नेपाल स्टक एक्सचेन्ज लि. मा सूचीकृत भएका कम्पनीहरुको संख्या १४४ रहेको छ । २०६४ असोज मसान्तमा यो संख्या १४० रहेको थियो । हाल सूचीकृत कम्पनीहरुमध्ये ११३ वटा वित्तीय संस्था (बिमा कम्पनि समेत), १८ वटा उत्पादन र प्रशोधन गर्ने उद्योग, ४ वटा होटल, ४ वटा व्यापारिक संस्था ३ वटा जल विद्युत कम्पनी र २ वटा अन्य समूहका रहेका छन् ।

२२. शेयरबजारको उतारचढाव (Volatility) मापन गर्नका लागि प्रयोग गरिने १२ महिनाको Rolling Standard Deviation २०६४ असोज मसान्तमा १३६.३ रहेकोमा २०६५ असोज मसान्तमा ११२.४ पुगेको छ ।

## उपभोक्ता मुद्रास्फीति

२३. आर्थिक वर्ष २०६५।६६ को पहिलो तीन महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति १४.१ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा सो मुद्रास्फीति ६.३ प्रतिशत रहेको थियो । खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क १५.२ प्रतिशतले र गैरखाद्य तथा सेवा समूह १२.९ प्रतिशतले वृद्धि भएको कारण समग्र उपभोक्ता मुद्रास्फीति दर अघिल्लो वर्षको भन्दा समीक्षा अवधिमा अधिक रहेको छ । अघिल्लो वर्ष यी समूहहरुको मूल्य वृद्धि क्रमशः ९.५ प्रतिशत र २.९ प्रतिशत रहेको थियो ।

२४. २०६५ असोजमा खाद्य तथा पेय पदार्थ समूहमा पर्ने वस्तुहरुमध्ये चिनी तथा चिनीजन्य वस्तुको मूल्य वृद्धि सबैभन्दा बढी ३९.५ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस उपसमूहको मूल्यमा १८.४ प्रतिशले ह्रास आएको थियो । यसैगरी खाने घ्यू तथा तेलको मूल्य ३५.४ प्रतिशतले वृद्धि भएको छ । २०६४ असोजमा यस उपसमूहको मूल्यवृद्धि १२.८ प्रतिशत रहेको थियो । साथै, खाद्यान्न उपसमूहको वार्षिक बिन्दुगत मूल्य वृद्धि २१.३ प्रतिशत रहेको छ । २०६४ असोजमा यस उपसमूहको वार्षिक बिन्दुगत मूल्य वृद्धि ११.२ प्रतिशत रहेको थियो । यस उपसमूहमा पर्ने चामल तथा चामलजन्य वस्तुहरुको वार्षिक बिन्दुगत मूल्य वृद्धि २५.१ प्रतिशत रहेको छ । २०६४ असोजमा चामल तथा चामलजन्य वस्तुहरुको वार्षिक बिन्दुगत मूल्य वृद्धि १२.३ प्रतिशत रहेको थियो । यसैगरी दलहन, माछामासु तथा फुल, रेष्टुरेन्ट खाना, दूध तथा दुग्ध पदार्थ र मरमसला उपसमूहहरुको वार्षिक बिन्दुगत मूल्य वृद्धि क्रमशः २४.७ प्रतिशत, २२.० प्रतिशत, १७.२ प्रतिशत, १६.७ प्रतिशत र १३.४ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यी उपसमूहहरुको वार्षिक बिन्दुगत मूल्य वृद्धि क्रमशः १४.६ प्रतिशत, ५.३ प्रतिशत, ४.२ प्रतिशत, ५.९ प्रतिशत र ७.३ प्रतिशत रहेको थियो । २०६४ असोजमा १७.७ प्रतिशतले बृद्धि भएको फलफूल तथा तरकारीको मूल्यमा भने समीक्षा अवधिमा १०.१ प्रतिशतले ह्रास आएको छ ।

२५. २०६५ असोजमा गैर-खाद्यवस्तु तथा सेवा समूहका वस्तुहरुमध्ये यातायात तथा सञ्चार उपसमूहको वार्षिक विन्दुगत मूल्यवृद्धि २३.१ प्रतिशत, घरायसी वस्तु तथा सेवाको १८.३ प्रतिशत र सुर्ती तथा सुर्तीजन्य वस्तुको १२.७ प्रतिशत रहेको छ । गतवर्ष यस्तो मूल्यवृद्धि क्रमशः -०.५ प्रतिशत, २.५ प्रतिशत र ३.२ प्रतिशत रहेको थियो ।

२६. क्षेत्रगत आधारमा विश्लेषण गर्दा समीक्षा अवधिमा काठमाडौंमा सबैभन्दा बढी १४.५ प्रतिशत मूल्य वृद्धि भएको छ भने तराईमा १४.० प्रतिशत र पहाडमा १३.९ प्रतिशत रहेको छ । अघिल्लो वर्षको यसै अवधिमा यस्तो वृद्धिदर क्रमशः ६.१ प्रतिशत, ६.५ प्रतिशत र ६.१ प्रतिशत रहेको थियो ।

२७. २०६५ असोजमा वार्षिक विन्दुगत अन्तर्निहित मुद्रास्फीति (Core Inflation) १३.१ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा उक्त मुद्रास्फीति ४.७ प्रतिशत रहेको थियो ।

## थोक मुद्रास्फीती

२८. राष्ट्रिय थोक मूल्य सूचकाङ्कको वार्षिक विन्दुगत वृद्धिदर २०६४ असोजमा १०.३ प्रतिशत रहेकोमा २०६५ असोजमा ९.३ प्रतिशत रहेको छ । समीक्षा अवधिमा थोक मूल्य अन्तर्गतका आयातीत वस्तु तथा स्वदेशी उत्पादित वस्तुको मूल्य क्रमश. २३.३ प्रतिशत र १५.७ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा यी वस्तुहरुको मूल्य क्रमशः ५.१ प्रतिशत र ८.० प्रतिशतले वृद्धि भएको थियो भने कृषिजन्य बस्तुहरुको मूल्य समीक्षा अवधिमा ०.५ प्रतिशतले ह्रास आएको छ जुन गत बर्ष १४.१ प्रतिशतले वृद्धि भएको थियो । आयातीत वस्तुहरुको मूल्य सूचकाङ्क उच्च दरले वृद्धि भएता पनि कृषिजन्य वस्तुअन्तर्गत नगदेवाली र फलफूल तथा तरकारीको मूल्यमा उच्च ह्रास आएकाले थोकमूल्यमा सुधार आएको हो ।

२९. २०६५ असोजमा कृषिजन्य वस्तुहरुमध्ये दलहनको वार्षिक बिन्दुगत मूल्य वृद्धि २६.६ प्रतिशत, पशुजन्य आहार १८.३ प्रतिशत, खाद्यवस्तु १५.१ प्रतिशत र मरमसलाको १०.४ प्रतिशत रहेको छ । गत वर्षको सोही अवधिमा यी वस्तुहरुको मूल्य वृद्धि क्रमशः १३.० प्रतिशत, ३.८ प्रतिशत, ७.४ प्रतिशत र १.१ प्रतिशत रहेको थियो । २०६४ असोजमा फलफूल तथा तरकारी र नगदेवालीको मूल्य क्रमशः ४१.७ प्रतिशत र ८.३ प्रतिशतले वृद्धि भएकोमा समीक्षा अवधिमा क्रमशः २१.३ प्रतिशत र २७.८ प्रतिशतले ह्रास भएको छ ।

३०. २०६५ असोजमा स्वदेशमा उत्पादित वस्तुहरुमध्ये खाद्यजन्य वस्तु र निर्माण सामग्रीको मूल्य क्रमशः २१.५ प्रतिशत र १८.९ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यस्तो वृद्धि क्रमशः ५.९ प्रतिशत र १५.५ प्रतिशत रहेको थियो ।

३१. आयातीत वस्तुहरुमध्ये २०६५ असोजमा पेट्रोलियम पदार्थ तथा कोइलाको मूल्य सबैभन्दा बढी ३९.४ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा यस्तो मूल्य वृद्धि १.९ प्रतिशत रहेको थियो । यसैगरी, २०६५ असोजमा यातायात तथा मेशिनरी वस्तुहरु र रासायनिक मल तथा रासायनिक वस्तुहरुको वार्षिक बिन्दुगत मूल्य वृद्धि क्रमशः ३०.४ प्रतिशत र ६.५ प्रतिशत रहेको छ । अघिल्लोवर्षको सोही अवधिमा यी वस्तुरुको वार्षिक बिन्दुगत मूल्य वृद्धि क्रमशः ५.१ प्रतिशत र १६.४ प्रतिशत रहेको थियो ।

## राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क

३२. २०६५ असोज महिनामा वार्षिक बिन्दुगत राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क ९.१ प्रतिशतले वृद्धि भएको छ । २०६४ असोजमा सो सूचकाङ्क ११.९ प्रतिशतले बढेको थियो । तलब तथा ज्यालादर सूचकाङ्कमध्ये तलब उपसूचकाङ्क समीक्षा अवधिमा स्थिर रहेको छ । यस्तो सूचकाङ्क अघिल्लो वर्षको यसै अवधिमा १०.९ प्रतिशतले बढेको थियो । २०६४ साउनदेखि सरकारी कर्मचारीलगायत सुरक्षाकर्मी, संस्थानका कर्मचारी, शिक्षक आदिको तलबमा भएको वृद्धिको आधार प्रभाव समाप्त भएकोले यस अवधिमा तलव सूचकाङ्कमा सुधार आएको हो । ज्यालादर सूचकाङ्क समीक्षा अवधिमा १२.२ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको यसै अवधिमा यो सूचकाङ्क १२.४ प्रतिशतले बढेको थियो । २०६५ असोजमा ज्यालादरअन्तर्गत कृषि मजदुर, औद्योगिक मजदुर र निर्माण

मजदुरको ज्यालादर सूचकाङ्क क्रमशः १९.० प्रतिशत, २.५ प्रतिशत र १०.१, प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्ष यस्तो सूचकाङ्क क्रमशः ८.३ प्रतिशत, १९.५ प्रतिशत र १०.३ प्रतिशतले वृद्धि भएको थियो।

## सरकारी वित्त स्थिति

### सरकारी बजेट घाटा/ बचत स्थिति

३३. आर्थिक वर्ष २०६५/६६ को पहिलो तीन महिनासम्ममा नगद प्रवाहमा आधारित सरकारी बजेट रु २ अर्व ८८ करोडले घाटामा रहेको छ। अघिल्लो वर्ष सरकारी बजेट रु.९ अर्व ४० करोडले घाटामा रहेको थियो। समीक्षा अवधिमा सरकारी खर्च घटेको तर राजस्व र वैदेशिक अनुदानमा वृद्धि भएको कारण अघिल्लो वर्षको तुलनामा बजेट घाटामा कमी आएको हो।

### सरकारी खर्च

३४. आर्थिक वर्ष २०६५/६६ को पहिलो तीन महिनासम्ममा नगद प्रवाहमा आधारित कुल सरकारी खर्चमा २.४ प्रतिशतले कमी आई रु.२९ अर्व ३१ करोडमा झरेको छ। अघिल्लो वर्षको यसै अवधिमा सरकारी खर्च ५३.७ प्रतिशतले बढेको थियो। चालू तथा पूँजीगत दुवै खर्चमा कमी आएकोले समीक्षा अवधिमा कुल सरकारी खर्च घटेको हो।

३५. समीक्षा अवधिमा नेपाल सरकारको चालू खर्च १३.२ प्रतिशतले घटी २०६५ असोज मसान्तमा रु.१८ अर्व ५१ करोडमा झरेको छ। अघिल्लो वर्ष सोही अवधिमा चालू खर्च ३५.६ प्रतिशतले बढेको थियो। अघिल्लो वर्षको यो अवधिमा मुलुकमा २०६४ मंसीर महिनामा हुने भनिएको संविधान सभाको निर्वाचन तयारीका लागि उल्लेख्य रकम खर्च भएको सन्दर्भमा यो वर्ष त्यस्तो रकम खर्च नभएको कारण समीक्षा अवधिमा चालू खर्च घटेको हो।

३६. आर्थिक वर्ष २०६५/६६ को पहिलो तीन महिनासम्ममा साँवा भुक्तानी खर्च २०.८ प्रतिशतले बढी रु.४ अर्व २१ करोड पुगेको छ। आन्तरिक ऋणअन्तर्गत ट्रेजरी विल वापत् रु.२ अर्व ८४ करोड भुक्तानी भएको कारण समीक्षा अवधिमा साँवा भुक्तानी खर्च बढेको हो।

### सरकारी राजस्व

३७. आर्थिक वर्ष २०६५/६६ को पहिलो तीन महिनासम्ममा नेपाल सरकारको राजस्व परिचालन १६.० प्रतिशतले वृद्धि भई रु.२२ अर्व ३३ करोड पुगेको छ। अघिल्लो वर्षको यसै अवधिमा राजस्व १८.८ प्रतिशतले बढेको थियो।

३८. आयकर, मूल्य अभिवृद्धि कर र रजिष्ट्रेशन शुल्कवापत प्राप्त हुने राजस्व वृद्धि समीक्षा अवधिमा उच्च रहेको छ भने भन्सार, अन्तःशुल्क र सवारी साधन करमा अघिल्लो वर्ष भन्दा कम दरले वृद्धि भएको छ। गैरकर राजस्व समीक्षा अवधिमा ५९.७ प्रतिशतले घटेको छ।

**वैदेशिक नगद ऋण र अनुदान**

३९. आर्थिक वर्ष २०६५/६६ को पहिलो तीन महिनासम्ममा नेपाल सरकारलाई वैदेशिक नगद ऋणवापत् रु ९३ करोड ६७ लाख र वैदेशिक नगद अनुदानवापत् रु.२ अर्व ४८ करोड प्राप्त भएको छ । अघिल्लो वर्ष ती शीर्षकहरुमा क्रमशः रु.८४ करोड ५७ लाख र रु.१ अर्व १७ करोड प्राप्त भएको थियो ।

४०. समीक्षा अवधिमा नेपाल सरकारले आन्तरिक ऋण परिचालन गरेको छैन ।

## वैदेशिक व्यापार

४१. आर्थिक वर्ष २०६५/६६ को पहिलो तीन महिनासम्ममा कुल निर्यात २७.१ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल निर्यात ४.३ प्रतिशतले बढेको थियो । कुल निर्यातमध्ये भारततर्फको निर्यात १०.१ प्रतिशतले बढेको छ भने अन्य मुलुकतर्फको निर्यात ५८.३ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष भारत र अन्य मुलुकतर्फको निर्यात क्रमशः ०.६ प्रतिशत र ११.९ प्रतिशतले बढेको थियो ।

४२. भारततर्फ मुख्यतया तयारी पोशाक, जुत्ता तथा चप्पल, पोलिष्टर धागो, तामाको तारडण्डी तथा जी.आई. पाइप एवं अन्य मुलुकतर्फ विशेषगरी दाल, ऊनी गलैंचा, पश्मिना, जडीबुटी र छालाको निर्यातमा उल्लेख्य वृद्धि आएको कारण कुल निर्यात बढेको हो ।

४३. अघिल्लो वर्षको पहिलो तीन महिनासम्ममा १३.१ प्रतिशतले बढेको कुल आयात आर्थिक वर्ष २०६५/६६ को सोही अवधिमा ३०.६ प्रतिशतले बढेको छ । कुल आयातमध्ये भारतबाट भएको आयात अघिल्लो वर्ष १३.७ प्रतिशतले बढेकोमा यस वर्ष १९.३ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी अन्य मुलुकबाट भएको आयात अघिल्लो वर्ष १२.१ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ४८.५ प्रतिशतले वृद्धि भएको छ ।

४४. आर्थिक वर्ष २०६५/६६ को पहिलो तीन महिनासम्ममा भारतबाट मुख्यतया पेट्रोलियम पदार्थ, सवारी साधन तथा पाटपुर्जा, कोल्ड रोल्ड शीट इन्क्वाइल, हट रोल्ड शीट इन्क्वाइल र सीमेन्ट एवं अन्य मुलुकबाट विशेषगरी सुन, एम.एस विलेट, दूरसंचारका सामग्री, कम्प्युटर तथा पाटपुर्जा र प्लाष्टिकका दानाको आयातमा उल्लेख्य वृद्धि आएको छ ।

## शोधनान्तर

४५. आर्थिक वर्ष २०६५/६६ को पहिलो तीन महिनासम्ममा समग्र शोधनान्तर स्थिति रु. ७ अर्व ७० करोडले बचतमा रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा समग्र शोधनान्तर स्थिति रु. ५ अर्व ५७ करोडले घाटामा रहेको थियो । समीक्षा अवधिमा चालू खाता रु. ८ अर्व ८० करोडले बचतमा रहेको छ जबकि अघिल्लो वर्षको सोही अवधिमा चालू खाता रु. ६ अर्व ६१ करोडले घाटामा रहेको थियो । खुद ट्रान्सफर आय ७५.५ प्रतिशतले बढेको कारण समीक्षा अवधिमा चालू खातामा यस्तो बचत सृजना भएको हो । ट्रान्सफरअन्तर्गत समीक्षा अवधिमा विप्रेषण

आप्रवाह ८०.७ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह १७.२ प्रतिशतले बढेको थियो ।

**विदेशी विनिमय सञ्चिति**

४६. २०६५ असोज मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०६५ असार मसान्तको तुलनामा ८.५ प्रतिशतले बढी रु. २३० अर्ब ७६ करोड पुगेको छ। आर्थिक वर्ष २०६४/६५ को सोही अवधिमा यस्तो सञ्चिति ४.१ प्रतिशतले घटेको थियो। अमेरिकी डलरमा भने २०६५ असारदेखि असोज मसान्तसम्ममा कुल सञ्चिति ३.९ प्रतिशतले घटी अमेरिकी डलर २ अर्ब ९८ करोडमा सीमित हुन पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा कुल सञ्चिति अमेरिकी डलरमा गणना गर्दा १.६ प्रतिशतले घटेको थियो । आर्थिक वर्ष २०६५/६६ को पहिलो तीन महिनाको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तरले १०.१ महिनाको वस्तु आयात र ८.० महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको छ।

**अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति**

४७. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६४ असोज मसान्तमा प्रति व्यारल अमेरिकी डलर ८४.१४ रहेकोमा २०६५ असोज मसान्तमा २३.२ प्रतिशतले घटी प्रति व्यारल अमेरिकी डलर ६४.०२ रहेको छ । त्यसैगरी सुनको मूल्य २०६४ असोज मसान्तको तुलनामा २०६५ असोज मसान्तमा ५.२ प्रतिशतले वृद्धि भई प्रति आउन्स अमेरिकी डलर ७६२.५० बाट अमेरिकी डलर ८०२.५० पुगेको छ।

४८. २०६५ असार मसान्तको तुलनामा २०६५ असोज मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ११.५ प्रतिशतले अवमूल्यन भएको छ। अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग २.६ प्रतिशतले अधिमूल्यन भएको थियो । २०६५ असार मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रु. ६८.५० रहेको थियो भने २०६५ असोज मसान्तमा उक्त विनिमय दर रु. ७७.४० पुगेको छ।